आप्रावासी चढेको डुंगा ट्युनिसिया नजिक दुर्घटना, कम्तीमा ४३ जनाको मृत्यु

एजेन्सी
ट्युनिस, २० असार

अफ्रिकाबाट युरोपका लागि प्रस्थान गरेका आप्रावासीहरू चढेको डुंगा ट्युनिसिया नजिक दुर्घटना हुँदा कम्तीमा पनि ४३ जनाको मृत्यु भएको छ । लिबियाको जुवारा बन्दरगाहबाट छुटेको डुंगा भूमध्यसागर पार गर्नेक्रममा ट्युनिसियाको जार्जिस नजिक डुबेको हो । १२७ जना आप्रावासी चढेको उक्त डुंगा डुब्दा ८४ जनाको उद्धार गरिएको छ ।

मृत्यु हुनेहरूमा अधिकांश महिला र बालबालिका छन् । डुंगामा लिबिया, सुडान, बंगलादेश, इजिप्ट र इरिटियाका नागरिकहरू सवार रहेको भनिएको छ । इन्जिनमा आएको खराबीका कारण दुर्घटना भएको अनुमान गरिएको छ । घटनाबारे अनुसन्धान थालिएको छ । दुघंटनाग्रस्त डुंगामा क्षमताभन्दा बढी यात्रु सवार रहेका थिए । भूमध्यसागर युरोप र अफ्रिकाको बीचमा अवस्थित छ ।

अफ्रिका र मध्यपूर्वका धेरै नागरिकहरू गरिबी र युद्धका कारण त्यहाँबाट भागेर भूमध्यसागर पार गर्दै युरोपेली देश पुग्ने गरेका छन् । विगत केही वर्षयता यो बाटो प्रयोग गर्ने क्रम घटेको थियो । तर, सन् २०२१ को सुरुवातदेखि फेरि यो बाटोमा चहल पहल बढेको छ ।

इटलीको गृह मन्त्रालयका अनुसार गत वर्षको जुलाई महिनासम्ममा ६ हजार सात सयजना भूमध्यसागर पार गर्दै इटली आएका थिए । तर सन् २०२१ मा यो संख्या १९ हजार ८ सय पुगिसकेको छ । सन् २०१६ को जुन महिनामा भूमध्य सागरमा एक डुंगा डुब्दा ११७ जनाको मृत्यु भएको थियो भने ३४० जनाको उद्धार गरिएको थियो ।

फिलिपिन्समा सैन्य विमान दुर्घटना

एजेन्सी
मनिला, २० असार

फिलिपिन्समा सैन्य विमान आइतबार बिहान दुर्घटना भएको छ । सेना प्रमुख जनरल सिरिलितो सोबेजानाले जलिरहेको सि-१३० विमानबाट ४० जनालाई उद्धार गरिएको बाउनुभएको छ ।

दुर्घटनाको समयमा विमान सुलु राज्यको जोलो टापुमा अवतरण गर्न खोजिरहेको जनाइएको छ । यात्रारत व्यक्ति भर्खरै आधारभूत सैन्य प्रशिक्षण लिएका थिए ।

ती व्यक्तिहरू आतंकवादी गतिविधिका लागि प्रसिद्ध टापुहरूमा खटाइनुपर्ने थियो । ती टापुमा अपहरण गर्नु सामान्य मानिन्छ । त्यसैले त्यहाँ धेरै व्यक्तिहरू सुरक्षित रहन सिपाही हुने गरेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् ।

'धावनमार्ग छोड्यो, फेरि उड्न खोज्यो तर सकेन,' सशस्त्र प्रमुख किरिलिटो सोबेजानाले बताउनुभएको छ । फिलिपिन्सको राज्य सञ्चालित समाचार संस्थाले प्रकाशन गरेको तस्वीरमा बस्ती नजिकै रूखहरूबीच जलेको विमान देखिन्छ ।

क्वालिटी इन्टरटेनमेन्ट अवार्डको फारम खुला

हिमालय टाइम्स
काठमाडौं, २० असार

विगत डेढ दशकदेखि नेपाली चलचित्र, म्युजिक भिडियो, वृत्तचित्र निर्माणसँगै गीतसंगीत उत्पादन, वितरण गर्दै आएको क्लालिटी फिल्मस् प्रालिले अब यो क्षेत्रको विकास र प्रोत्साहनका लागि अवार्ड आयोजना गर्ने भएको छ ।

क्वालिटी फिल्मस्का अध्यक्ष उमेश गुरुङले नेपाली गीतसंगीत क्षेत्रको प्रवर्द्धन तथा प्रोत्साहनका लागि अवार्ड गर्न लागिएको बताउनु भएको छ । क्वालिटी फिल्मस्का तर्फबाट 'क्वालिटी इन्टरटेनमेन्ट अवार्ड २०७८' आयोजना गरिने भएको छ । सर्जकलाई सम्मान, गुणस्तरीय सिर्जनालाई प्रोत्साहन भन्ने नाराका साथ यो अवार्ड आयोजना हुन लागेको हो ।

क्वालिटी इन्टरटेनमेन्ट अवार्डका लागि १७ असारबाट फारम खुला गरिएको छ । क्वालिटी फिल्मस्को कार्यालय अनामनगर र अनलाइनमार्फत पनि यो अवार्डको फारम भर्न सकिने अध्यक्ष गुरुङले बताउनु भएको छ । अवार्डको फारम १५ साउनसम्म बुझाइसक्नुपर्ने र त्यसपछि चाँडोभन्दा चाँडो अवार्ड आयोजना गरिने अध्यक्ष गुरुङले जानकारी गराउनुभयो ।

अध्यक्ष गुरुङका अनुसार यो अवार्ड विविध ४७ विधामा प्रदान गरिनेछ । गीत संगीततर्फ, गायिक, गायिका, संगीतकार, गीतकार, संगीत संयोजक, म्युजिक कम्पनी, रेकर्डिष्ट, म्युजिक भिडियो निर्देशक, छायांकार, सम्पादक, अभिनेता अभिनेत्रीलाई यो अवार्ड प्रदान गरिनेछ । यस्तै चलचित्र विधाका गीतसंगीत, स्कृप्ट, अभिनय, निर्देशन जस्ता विधामा अवार्ड प्रदान गरिनेछ । फेशन विधामा फेशन स्टाइल, कस्ट्युम डिजाइन जस्ता विधामा अवार्ड प्रदान गरिने भएको छ । यी विधामा डायस्पोरातर्फ अवार्ड प्रदान गरिने भएको छ ।

यो अवार्डका लागि २०७६ वैशाख १ बाट २०७८ असार मसान्त सम्म रेकर्ड भएर सार्वजनिक रूपमा आएका गीतसंगीत, म्युजिक भिडियो, चलचित्र, लघु चलचित्र फेशन कार्यक्रम, मोडलिङ जस्ता विधाले भाग लिन पाउनेछन् । यस इन्टररटेनमेन्ट अवार्डअन्तर्गत गीतसंगीत, म्युजिक भिडियो, चलचित्र, लघू चलचित्र, फेशन, मोडलिङ, सामाजिक अभियान जस्ता विविध विधामा अवार्ड प्रदान गरिने पनि क्वालिटी फिल्मसका अध्यक्ष उमेश गुरुङले बताउनु भएको छ ।

कपिलवस्तुका एक सय घरलाई राहत

हिमालय टाइम्स
कपिलवस्तु, २० असार

मेची-महाकाली बुहारी संयुक्त आवाजले कपिलवस्तुको शिवराज नगरपालिका-३ मद्वा शान्ति टोलको सुकुम्बासी बस्तीका एक सय घरपरिवारलाई अत्यावश्यक खाद्यान्न सहयोग गरेको छ । कोरोना भाइरसको महामारीले दैनिक जीविको पार्जन गर्न अप्ठ्यारोमा परेका परिवारलाई खाद्यान्नसँगै लत्ताकपडा सहयोग गरिएको बताइएको छ ।

हाल अमेरिकामा रहनुभएकी मेची-महाकाली बुहारी संयुक्त आवाजकी अध्यक्ष यमु शर्मा सुब्बाको विशेष सक्रियतामा यसअघि केही साताअघिमात्रै सिन्धुपाल्चोकसँगै काठमाडौंका विभिन्न ठाउँमा राहत वितरण गरिएको थियो ।

मेची-महाकाली बुहारी संयुक्त आवाज काठमाडौं उपाध्यक्ष कविता श्रेष्ठ, राइजिंग एक सय ग्रुपका अध्यक्ष अंशु यादव र हाम्रो टिम नेपालका सदस्य सुजन दाहालसहित नौजनाको टिम काठमाडौंबाट कपिलवस्तु पुगेर राहत वितरण गरेको बताइएको छ । 'यात्राका लागि काठमाडौंको नयाँबानेश्वरबाट आवश्यक सामग्री जम्मा गरी यही असार १५ गते रातको ९ बजे यात्रा गऱ्यौं', काठमाडौं उपाध्यक्ष कविताले भन्नुभयो, 'दैनिक जीविको पार्जन गर्न गाह्रो भइरहेको सूचना आएकाले अत्वाश्यक खाद्यान्न दाल, चामल, नुन, तेल, तरकारी, लत्ताकपडासँगै सुत्केरीका लागि केही नगद रकम लिएर हाम्रो टिम राति नै निस्कियौं । तर अत्यधिक पानी परिरहेकाले चार दिनको दिन काठमाडौं आइयो ।'

वडा-३ का अध्यक्ष टेकलाल सापकोटाको संयोजनमा पीडित एक सय घरलाई एकैस्थानमा बोलाएर सामाजिक दूरी कायम गरी राहत वितरण गरिएको थियो । दैनिक ज्याला मजदूरी गरेर छाक टार्नुपर्ने बाध्यतामा रहेका सुकुम्बासी परिवार अहिलेको महामारीले काम नहुँदा कैयौं रात भोकै काटेको तीतो अनुभव सुन्दा दुःख लागेको मेची-महाकाली बुहारी संयुक्त आवाज काठमाडौं उपाध्यक्ष कविताले बताउनुभयो ।

ट्रेलरमा 'हेल्लो ब्रो' सिरिज



काठमाडौं/हिटा । सलोन सलिना फिल्मस् को व्यानरमा निर्मित नेपाली सिरिज 'हेल्लो ब्रो' को ट्रेलर सार्वजनिक गरिएको छ । लेखक तथा निर्देशक सुरेश न्यौपानेको निर्देशन रहेको ट्रेलरको सिरिजमा युवाहरूको कथालाई देखाइएको छ ।

सिरिजमा प्रभात पल ठकुरी, सुमिन गुरुङ, अलिष्या सुवेदी, मनीषा ओझा र सन्तोष गिरीको अभिनय छ । सलोन बस्नेत कार्यकारी निर्माता रहेको सिरिजमा रामजी राउत एपिसोड निर्देशक, सुरेश न्यौपानेको कथा, केदार भुसाल र सुमन गुरुङ गजमेरको लेखन, प्रशान्त शिवाकोटीको संगीत, शंकर भुजेल र ज्ञानकुमार कट्टेलको छायांकन छ ।

त्यस्तै सिरिजमा बन्दे प्रसादको सम्पादन, समीर मियाँको भिएफएक्स र कलर, शिशिर खातीको कोरियोग्राफी, सुमन गुरुङ गजमेरको सहायक निर्देशन र केमोदिन मियाँको सहायक सम्पादन छ । सिरिज साउन ७ गतेदेखि हरेक बिहीबार राति ७ बजे बुढासुब्बाको बिएम टिभीबाट प्रसारण हुनेछ ।

अमिताभको घरको पर्खाल बिएमसीले भत्काउने

मुम्बई (एजेन्सी) । बलिउड अमिताभ बच्चनको 'प्रतीक्षा' भवनको पर्खाल 'बीएमसी' ले भत्काउने भएको छ । सडक बढाउनुपर्ने भएपछि अमिताभको घरका अगाडिको भाग केही भत्काउन लागिएको नवभारत टाइम्सले जनाएको छ । अमिताभलाई यसको सूचना बीएमसीले सन् २०१७ देखि नै दिइरहेको थियो । बिएमसीले आफ्ना अधिकारीहरूलाई जहाँसम्म भत्काउने हो, त्यहाँसम्म चिह्न लगाउन निर्देशन दिइसकेको छ । अमिताभको घरअगाडिको सडक निकै साँघुरो भएकाले त्यहाँ दैनिक ट्राफिक जाम हुने गरेको छ । अमिताभको घर हुँदै त्यो बाटो इस्कान मन्दिर पुगिन्छ ।

हंगेरीमा कंगना रनौत

मुम्बई (एजेन्सी) । बलिउड अभिनेत्री कंगना रनौत हंगेरी पुग्नुभएको छ । आइतबार उहाँले इन्स्टाग्राममा हंगेरीका सहरहरू घुम्दै गरेको फोटोहरू शेयर गर्नुभएको छ । भारतीय सञ्चारमाध्यमले उल्लेख गरेअनुसार कंगना आफ्नो नयाँ चलचित्र 'धाकड'को छायांकन त्यहाँ जानुभएको हो । उहाँ चाँडै नै हंगेरीको बुडापेष्ट जानेछिन्, जहाँ अभिनेता अर्जुन रामपाल पहिले पुगिसकेका छन् । छायांकनअघिको समयमा अर्जुन परिवारसँग बुडापेष्ट सहर घुमिरहेका छन् । कोरोना महामारीका कारण गएको फेब्रुवरीमा चलचित्रको छायांकन स्थगित गरिएको थियो ।

नीति निर्माणको काममा विकास बोर्ड

हिमालय टाइम्स
काठमाडौं, २० असार

नेपाली चलचित्रको विकासमा लागिरहेको चलचित्र विकास बोर्डले कोरोना महामारीको समयमा खासै ठूला काम गर्न सकिरहेको छैन । दयाराम दाहाल बोर्ड अध्यक्ष भएर आएदेखि नै चलचित्र बजार शून्य जस्तै छ । २०७६ साल चैत ६ गतेबाट बन्द रहेका चलचित्रहलबीचमा केही महिना खुलेका थिए, अहिले फेरि बन्द छन् ।

बोर्ड अध्यक्ष दाहाल नियुक्त भएर आएपश्चात नीति निर्माणका कामहरू उलेख्य भएको छ । स्थापना दिवसको अवसरमा विकास बोर्ड अध्यक्षले एक वर्षमा बोर्डले गरेका महत्त्वपूर्ण कार्यहरूको जानकारी गराउनु भएको छ । मौलिक चलचित्र निर्माणमा सहयोग गर्ने उद्देश्यका साथ विकास बोर्डले स्टोरी बैंकको स्थापना गरेको छ । ११ सदस्य रहेको मस्यौदा समितिले स्टोरी बैंक कार्यविधि २०७७ पनि तयार पारेको छ । यो बैंकका लागि प्राप्त भएका चलचित्रहरूमध्येबाट प्राप्त पाँचवटा मौलिक चलचित्रलाई राज्यले सुविधा दिनेछ ।

मौलिक छनोटमा नपरेका चलचित्रमा कसैले लगानी गर्न चाहे पनि राज्यले केही सुविधा उपलब्ध गराउनेछ । आगामी वर्ष स्टोरी बैंकको दायरा अझै फराकिलो हुनेछ । चलचित्र कर्मी विपद् व्यवस्थापन कोषको सुरुवात भएको छ । यस कोषले विपद्मा परेका चलचित्रकर्मीलाई राहत प्रदान गर्नेछ । प्रोजेक्ट बीमासम्बन्धी कार्यविधि निर्माण र कार्यान्वयनमा आएको छ । डेढ करोडसम्मको लगानीमा बन्ने चलचित्रको प्रोजेक्ट बीमाका लागि लाग्ने शुल्क बोर्डले तिरिदिने बताइएको छ । निर्माण प्रदर्शन वितरण जाने चलचित्रलाई बोर्डबाट उपलब्ध गराउने सहयोगसम्बन्धी कार्यविधि निर्माण र कार्यान्वयन भइसकेको छ । गतवर्ष प्रदर्शनमा आएका चारवटा चलचित्रले यो सुविधा प्राप्त गरिसकेका छन् ।

श्रमजीवी चलचित्रकर्मी सामाजिक सुरक्षा योजनाअन्तर्गत ६० वर्ष उमेर कटेका श्रमजीवी चलचित्रकर्मीलाई राज्यबाट भत्ता सुविधा दिने नीति पास हुने क्रममा छ । कक्षा ११ र १२ को पाठ्यक्रममा चलचित्रसम्बन्धी पढाइ हुने भएको छ । आगामी शैक्षिक सत्रबाट अब पठनपाठन सुरु हुनेछ । नेपाली चलचित्र छायांकन अत्याधुनिक इन्डोर स्टुडियोको आवस्यकतालाई मध्यनजर गर्दै काठमाडौंबाट नजिकै काभ्रेको साँगामा अत्याधुनिक इन्डोर स्टुडियो निर्माणको काम अघि बढेको छ । डिपिआर तयार भइसकेको छ । अत्याधुनिक इन्डोर स्टुडियोको निर्माण अबको ६ महिनाभित्रै सुरु हुने बताइएको छ ।

Invitation for Bids

Triveni Municipality

Office of Municipal Executive

Toli, Bajura

Invitation for Bids for the: Nateshwori Badimalaika Mandir Park Nirman

Contract Identification No: **03/TM/NCB/1S2E/2077/078**

Date of publication: 2021 July 5

1. ***Triveni Municipality Office Of Municipal Executive Toli, Bajura*** invites electronic bids from eligible bidders for the construction of **Nateshwori Badimalaika Mandir Park Nirman** under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.

   Only eligible bidders with the following key qualifications should participate in this bidding:

   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: ***NRs 8,60,00,000.00***
   - Minimum Work experience of similar size and nature: ***(Construction of One landscaping Project value of 4,70,00,000.00]***

2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Triveni Municipality Office Of Municipal Executive Toli, Bajura** or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. Bidder must chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below .

   Information to deposit the cost of bidding document (Nrs. 5000.00) in Bank:

   Name of the Bank: Nepal Bank Limited Toli Branch Bajura

   Name of Office : Triveni Municipality Office Of Municipal Executive Toli, Bajura

   Office Account no.: 26803000004001000001

5. electronic bids must be submitted to the office through PPMO's e-GP system www.bolpatra.gov.np/egpon or before ***12:00*** on ***4th August 2021*** Bids received after this deadline will be rejected.
6. The bidswill be opened in the presence of Bidders' representatives who choose to attend at ***14:00*** on ***4th August 2021*** at the office of **Triveni Municipality Office Of Municipal Executive Toli, Bajura**. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,\amounting to a minimum of **16,00,000.00** which shall be valid for 30 days beyond the validity period of the bid
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

Chief Administrative Officier